नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

**मुद्दा-:क्षतिपुर्ति।**

**मि.नं.-५६३ , दायर मिति-: २०८१।०२।१४**

**फैसला मिति-२०८१।०३।१३**

**वादी**

अमिरीलाल महतोको जाहेरीले वादी नेपाल सरकार----१

**प्रतिवादी**

**बिनोद चौबे**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१.प्रतिवादीले हाकी चलाई ल्याएको टयाक्टरले ठक्कर दिई रुपेश महतो गम्भिर घाईते भएको र उपचारको क्रममा मृत्यु भएको भन्ने व्यहोराको अमिरीलाल महतोको जाहेरी दरखास्त ।

२. प्रतिवादीले हाकी चलाई ल्याएको टयाक्टरले ठक्कर दिई रुपेश महतो गम्भिर घाईते भएको र उपचारको लागि अस्पताल लगेको भन्ने घटनास्थल मुचुल्का ।

३. रुपेश महतोको लास जाँच मुचुल्का र शव परिक्षण प्रतिवेदन।

४. मैले हाकी चलाई टयाक्टर नल्याएता पनि सवारीधनी आफु रहेको कारण मृतकको घर परिवारलाई कानून बमोजिम क्षतिपूर्ति तिर्न तयार छु भन्ने प्रतिवादीको बयान कागज ।

५. प्रतिवादीले हाकी चलाई ल्याएको टयाक्टरले ठक्कर दिई घाईते भई र उचारको रुपेश महतोको मृत्यु भएको भन्ने मौकामा बुझिएका झापस महतो समेतको घटनाविवरण कागज ।

६.प्रतिवादीले यस कार्यालयमा आई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।

८.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा प्रतिवादी बिनोद चौबेले ईन्कारी बयान गरेता पनि मिति २०८०।११।०९ गते अ.१७:१५ बजेको समयमा मेरो काकाको छोरा बर्ष १७ को रुपेश महतो रतनपुर टोलदेखि रिचार्ज कार्ड खरीद गरी साईकल चलाई आफ्नो घरतर्फ आउँदै गर्दा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२९ स्थित वडा कार्यालय नजिक सडकमा प्रतिवादी बिनोद चौबेले तिब्र गतिमा लापरवाही पुर्ण तरिकाले चलाई ल्याएको ना.५ त.८९३६ नम्बरको ट्याक्टरले भाई रुपेश महतोले चलाएको साईकललाई ठक्कर दिदा साईकलसँगै उछिट्टी भूईमा पछारिएका भाईको टाउँकोमा ट्याक्टरको चक्काले किची सखत घाईते बनाएकोले तत्कालै उपचारको लागी एल एल न्यूरो एण्ड जनरल अस्पताल पठाएकोमा भाईको उपचार हुन नपाउँदै मृत्यु भएको भन्ने जाहेरी दरखास्त सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले मैले हाकी चलाई टयाक्टर नल्याएता पनि सवारीधनी आफु रहेको कारण मृतकको घर परिवारलाई कानून बमोजिम क्षतिपूर्ति तिर्न तयार छु गरेको बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको कृयाखर्च र क्षतिपुर्तिवापत रु ५,५०,०००।- अक्षरेपी पाँच लाख पचास हजार मात्र प्रतिवादी बिनोद चौबेका तर्फबाट मृतकको नजिकको पक्षलाई भरी भराई दिने देखिएकोमा उल्लेखित क्षतिपूर्ती रकम मृतकका नजिकका पक्षलाई दिलाई भराईएको भरपाई पेश भएबाट यस मुद्दामा केही गरिरहनु परेन । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) (क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको मृतकका नजिकका पक्षहरुलाई कृयाखर्च र क्षतिपुर्ति वापत रु.५५०,०००।- प्रतिवादीबाट भुक्तान भई सकेको हुँदा यस मुद्दामा केही गरिरहनु परेन ----------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे ३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-----------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना १३ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलागा षष्ठी, शुभम् ........